आज मिति २०७७ साल असार २२ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| बरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२: वातावरणीय परीक्षण विधेयक, २०७७ सम्बन्धमा ।
प्रस्ताव नं.३: घर भाडा रकम छुट सम्बन्धमा ।
प्रस्ताव नं.४: निर्माण सामाग्री ढुवानी सम्बन्धमा ।
प्रस्ताव नं.५: तेत्तीसौ नगर सभाको दोस्रो दिनको सभा सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.६: अत्यावश्यक विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.७: विनियोजित रकम रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यवसाय कर असुली अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.९: विभिन्न कार्यक्रम तथा योजनामा भएको खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: आ.व.२०७६।०७७ को क्रमागत योजना सम्बन्धमा ।
प्रस्ताव नं.११: विभिन्न आय ठेक्काहरुको म्याद थप/कर छुट सम्बन्धमा ।
प्रस्ताव नं.१२: योजनाको लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.१३: योजनाको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१४: बोलपत्रको मान्य अवधि थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: तलबी प्रतिवेदन पास गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व २०७७।०७८ को लागि मिति २०७७।३।१० देखि प्रारम्भ भएको तेत्तीसौ नगर सभामा प्रस्तुत बजेट तथा कार्यक्रमलाई यथासक्य समानुपातिक समावेशी एवं न्यायपूर्ण वितरणका लागि सम्भावित श्रोत अनुमान र वडाहरुबाट प्राप्त भौतिक एवं मानव संशाधन सम्बन्धी विकास प्रस्तावहरुको विस्तृत अध्ययन गरी आगामी २०७७।३।२५ गते बस्ने नगर सभामा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा  व्यास नगरपालिका भित्रका विकास आयोजना एवं प्राकृतिक श्रोत उपयोगका लागि पहिचान भएका विभिन्न क्षेत्रहरुको वातावरणीय अध्ययन गर्न आवश्यक “व्यास नगरपालिका वातावरणीय परीक्षण विधेयक, २०७७” मिति २०७७।३।२५ गते बस्ने ३३ औं नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत पसल कवल भाडामा लिई व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुद्वारा लकडाउनको कारण देखिई घर भाडा छुटको लागि माग भई आएको र निजहरुको व्यहोरा मनासिव देखिन आएकोले लकडाउनको अवधि मध्ये २०७६ चैत्र र २०७७ वैशाख २ महिनाको मात्र भाडा छुट दिने प्रस्ताव नगर सभामा पेश गर्ने निर्णय गरीयो । साथै व्यास नगरपालिका भित्र घर भाडामा लगाउने घरधनीहरुलाई समेत भाडा छुट दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बुद्धसिंह मार्गबाट निर्माण सामाग्री ढुवानी गर्ने टिपरहरु रातदिन गुडिरहने र त्यसका कारणले शहरी क्षेत्रमा असुरक्षा, ध्वनी प्रदूषण एवं वातावरणीय प्रदूषण सृजना हुनुका साथै अधिकत्तम भारवहन क्षमताका सवारी साधनहरु नियमित रुपमा आवतजावत गर्दा जनसहभागिताका स्थानीय सडकहरुमा क्षति पुग्न गएको व्यहोरा सहित वडा नं.१, २, ३ र १३ का अधिकांश टोल विकास संस्थाहरुबाट सोको निराकरणको लागि यस नगरपालिकामा निवेदन पेश हुन आएको परिप्रेक्ष्यमा सो मार्गबाट वैधानिक रुपमा निर्माण सामाग्रीको ढुवानी गर्ने सवारी साधनहरुलाई

साँझ ६ बजेदेखि ९ बजेसम्म मात्र घनावस्ती एवं बजार क्षेत्रका सडक बाहेक बुद्धसिंह मार्ग र पृथ्वी राजमार्ग मात्र प्रयोग गर्न वा व्यास १३ को वेलवास क्षेत्रभन्दा दक्षिणतर्फ मात्र निर्माण सामाग्री सञ्चित गरी टिपरको विकल्पमा अन्य साना ढुवानी सवारी साधनबाट मात्र निर्माण सामग्री ढुवानी गर्न सम्बन्धित पक्षलाई सूचित गर्ने र आवश्यक सहयोगको लागि सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको तेत्तीसौ नगर सभाको दोस्रो दिनको सभा मिति २०७७।३।२५ गते बिहान ११.३० बजे नगरपालिकाको सभा हलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा | वि. रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | काली सुनार, हावाहुरीबाट घर क्षति | ६ | ३०,०००। | विपद् कोष |
| २. | आँपश्वारा टोलका विपन्न परिवारका लागि खानेपानी मर्मत (पाइप खरिद) | १३ | ३०,०००। | मर्मत सम्भार कोष |
| ३. | कालिका मार्ग पहिरो सफाई गरी नाला मर्मत र ग्राभेल | १० | ५०,०००। | मर्मत सम्भार कोष |
| ४. | वडा कार्यालयको विरुवा संरक्षणका लागि तारवार | १० | २३४००। | ४.१.१६ |
| ५. | रमेश घिमिरे, हावाहुरीबाट गोदाम घर क्षति | ६ | १५,०००। | विपद् कोष |
| ६. | अस्मिता नेपाली, घर मुनि पहिरो गई क्षति | ४ | २०,०००। | विपद कोष |
| ७. | कुन्छाली टोल स्थित छाब्दी मार्गमा नाला मर्मत | १ | ३५,०००। | मर्मत सम्भार कोष |
| ८. | रामबहादुर वि.क., परम्परागत पेशा संरक्षणका लागि आरन पंखा खरिद र आरन घर निर्माण | ११ | २०,०००। | ४.१.६६ |
| ९. | तिर्थराज पौडेल, वर्षाका कारण घर क्षति | ८ | ४०,०००। | विपद कोष |
| १०. | हरिराम सेढाई, सडक विस्तारमा घर जोखिममा परेकाले पहिरो रोकथाम | १३ | ३०,०००। | विपद कोष |
| ११ | तनहुँसुर स्वास्थ्यचौकी खानेपानीका लागि पाइप खरिद | ११ | २३७००। | फुटकर |
| १२ | जमुना मगर, अधुरो आवासका लागि जस्तापाता र ब्लक खरिद | १० | २५,०००। | फुटकर |
| १३ | नयाँगाउँ लिफ्टिङ खानेपानी योजना अपुग रकम थप | १४ | १००,०००। | फुटकर |
| १४ | भानु जयन्ती विविध कार्यक्रम | | १५,०००। | विविध |
| १५ | जिल्ला ट्राफिक कार्यालय तनहुँ (नगर क्षेत्र ट्राफिक व्यवस्थापन) | | १,००,००० । | विविध |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा पशु विकासतर्फ दुध उत्पादनमा आधारित अनुदान कार्यक्रममा रु.१० लाख र सहकारी मार्फत खसी बोका बिक्री अनुदान कार्यक्रममा रु.५ लाख विनियोजन भएकोमा दुधमा आधारित अनुदानका लागि रु.१,१२,८६७ नपुग हुन आएकोले खसी बोका तर्फको बाँकी रकमबाट रु.१,१२,८६७ रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको व्यवसाय कर असुलीको लागि यस नगरपालिका र उद्योग वाणिज्य संघ दमौली बजार इकाई बीच विगतदेखि हुँदै आएको साझेदारीको अभ्यास अनुसार परम्परागत रुपमा उपलब्ध गराउँदै आएको सम्बन्धित आर्थिक वर्षमा (अघिल्लो आर्थिक

वर्षको बक्यौता रकम वाहेकको) असुली भएको रकमको २० प्रतिशतले हुन आउने रकमबाट यस नगरपालिकाको शहरी क्षेत्रमा सि.सि. क्यामेरा जडान/मर्मत कार्यका लागि अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो । साथै सम्झौता बमोजिम विगत वर्षको भुक्तानी दिन बाँकी रकम समेत सोही प्रयोजनको लागि मात्र उपलब्ध गराउने समेत निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका कार्यक्रमहरुमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

(क) व्यास १ नवआदर्श टोल विकास संस्था स्थित सोमबहादुर बोटे र डम्बरदेव हड्खले लगायतका घर संरक्षणका लागि रु.९५,०००। (पन्चान्नब्बे हजार) ।

(ख) व्यास ११ थुम्केली टोल अन्तर्गत दरैगाउँ डाँडागाउँ टोल जोड्ने गोरेटो बाटो संरक्षणका लागि मर्मत सम्भार कोषबाट रु.१,००,०००। (एक लाख) ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा २०७६।०७७ सम्मको अवधि सम्ममा सञ्चालन भई सम्पन्न हुन नसकेका, सम्झौता भई कार्यान्वयनको क्रममा रहेका उपभोक्ता, परामर्श एवं ठेक्काका कार्यहरु तथा निर्णय भई सम्झौता हुन बाँकी भौतिक पूर्वाधार विकास तर्फका तथा मानव संशाधन विकास तर्फका योजना तथा कार्यक्रमहरुलाई भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रममा समावेश गरी कार्य सम्पन्न भए पश्चात् भुक्तानी दिने व्यवस्था मिलाउन साथै विगतमा सम्झौता भएका तर काम सम्पन्न नभएका योजना तथा कार्यक्रमहरुको सम्झौताको म्याद बढीमा २०७७ पौष मसान्तसम्म थप गर्न सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ मा ठेक्कामा लगाइएका तपसिल बमोजिमका आय सम्बन्धी ठेक्काहरु कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउनका कारण प्रभावित भई कर असुली हुन नसकेको हुँदा सो अवधिको रकम छुट तथा सम्झौताको म्याद थप गरिदिनु भनी ठेक्का प्राप्त सम्बन्धित व्यक्ति/फर्मबाट आवेदन प्राप्त हुन आएकोमा सो सम्बन्धमा यस नगरपालिकाको आर्थिक विकास समितिले पेश गरेको अध्ययन प्रतिवेदन समेतलाई आधारमानी लकडाउन अवधिको रकम छुट वा सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ३३ औं नगर सभाको यही २०७७।३।२५ गते हुने बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. मादी नदी मादीजन्य पदार्थ उत्खनन् तथा बिक्रीः फेवा कन्स्ट्रक्सन/सावित्री निर्माण सेवा (जे.भी., पोखरा-५ कास्की)
२. सेती/मादी नदी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रीः डायमण्ड कन्स्ट्रक्सन भानु-४, तनहुँ
३. वातावरण शुल्कः सुलभ निर्माण सेवा व्यास ३, तनहुँ
४. छाब्दी बसपार्क संचालन तथा व्यवस्थापन शुल्कः डायमण्ड कन्स्ट्रक्सन भानु-४, तनहुँ
५. करंकाठ बसपार्क संचालन तथा व्यवस्थापन शुल्कः डायमण्ड कन्स्ट्रक्सन भानु-४, तनहुँ
६. मादी भतेरी कवाडी संकलनः पवन चुमी थापा मगर व्यास ३, तनहुँ

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित पर्यटकीय स्थल मानहुँडाँडामा जाने सिंढी बाटो निर्माण योजनाको लागि यस कार्यालयबाट स्वीकृत कार्यक्रम अन्तर्गत

रु.११,९३,३१६।८५ को लागत अनुमान स्वीकृत भई नगरपालिका कार्यालयबाट रु.१०,००,०००। र उपभोक्ता समितिबाट जनश्रमदान मार्फत रु.१,९३,३१६।८५ व्यहोर्ने गरी योजना सम्झौता भएकोमा उक्त योजना पर्यटकीय स्थलको लागि पूर्वाधार निर्माण अर्न्तगत स्वीकृत भएको र योजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने स्थानीय उपभोक्ताहरु कम रहेको हुँदा जनश्रमदान जुट्न सक्ने अवस्था नरहेकोले जनश्रमदान गर्न नपर्ने गरी योजनाको भुक्तानी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा वडा नं.४ स्थित नुरी हनफी जामे मस्जित क्षेत्र पूर्वाधार निर्माणको लागि नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयबाट रु.७,००,०००। स्वीकृत भई निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता भएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा म्याद थप गरिपाँउ भनी समितिबाट निवेदन दर्ता भएको सन्दर्भमा आगामी आर्थिक वर्षको प्रथम चौमासिक भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी योजनाको म्याद थप गर्ने सम्बन्धमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखरामा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास मादी उपत्यका एकीकृत नदी विकास आयोजना कार्यान्वयनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा मिति २०७६।९।१७ नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा EOI सम्बन्धी प्रस्ताव माग गरी तोकिएको समयमा दर्ता हुन आएका परामर्शदाता संस्थाहरु मध्ये दोस्रो चरणको लागि छानौट भएका ९ वटा परामर्शदाता संस्थाहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र तोकिएका समयमा ४ वटा परामर्शदाता संस्थाहरुबाट मात्र प्राविधिक तथा आर्थिक प्रस्ताव दर्ता हुन आएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ भाइरसको कारण सार्वजनिक खरिद ऐन २०६३ को दफा २० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४ बमोजिम प्रस्ताव दर्ता भएको अन्तिम मिति २०७६।१२।६ गतेबाट प्रस्ताव मान्य अवधि ९० दिन भित्र प्रस्ताव मूल्यांकन गर्न नसकिएको हुँदा उक्त प्रस्तावको मान्य अवधि मिति २०७७।५।१५ गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत ५३ जना कर्मचारीहरुको आ.व.२०७७।०७८ को तलबी प्रतिवेदन पारित गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।